# नेपाल सरकार
# वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य विभाग

वाणिज्य विभाग र जिल्ला स्थित वाणिज्य कार्यालयबाट २०६८ श्रावण महिनामा सम्पन्न भएको वजार अनुगमन र उपभोक्ता हित सम्वन्धी कार्यको प्रगति विवरण

१. वाणिज्य विभागले काठमाडौं उपत्यकामा गरेको बजार अनुगमन विवरण

**१.१ अनुगमन गरिएको पटक र व्यवसाय संख्या**

वाणिज्य विभागको संयोजकत्वमा खटिएको बजार अनुगमन टोलीले उपत्यकाका विभिन्न स्थानमा गरी जम्मा ८१ वटा व्यवसायको अनुगमन गरेको ।

**१.२ अनुगमन गरिएको वस्तु/सेवाहरु**

खाद्यान्न, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पानी र अन्य

**१.३. अनुगमन गरिएका क्षेत्रहरु**

कालीमाटी, कोटेश्वर, कलंकी, वालाजु, हात्तीगौंडा, त्रिपुरेश्वर, जडीवुटी, कुलेश्वर, वुढानिलकण्ठ, चावहिल, तिनकुने, महाराजगञ्ज, वत्तीसपुतली, असन, जयवागेश्वरी, वानेश्वर, असन, महाराजगञ्ज, जोरपाटी, सुनधारा, वालाजु, लाजिम्पाट, मैतीदेवी, अनामनगर, नक्साल, कमलपोखरी, पुतलीसडक आदि ।

**१.४. अनुगमनको सिलसिलामा गरिएको कार्य तथा दिइएका निर्देशनहरु**

१.४.१ अत्यावश्यक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्था, वितरण व्यवस्था, तौल परीक्षण, गुणस्तरपरीक्षण, स्टक व्यवस्था, मूल्य व्यवस्था लगायतका विभिन्न कुराहरुको अनुगमन गरी ऐन नियम बमोजिम उपभोक्ताहरुलाई हित पुऱ्याउन गर्नुपर्ने कुराहरु सम्झाई आवश्यकतानुसार विभिन्न निर्देशनहरु दिइएको ।

१.४.२ साइनवोर्ड नराखेका व्यवसायीहरुलाई यथाशीघ्र साइनवोर्ड राख्न निर्देशन दिइएको ।

१.४.३ व्यवसायीहरुलाई PAN/VAT मा दर्ता गरी कारोवार संचालन गर्न निर्देशन दिइएको ।

१.४.४ मूल्यसूची नराख्ने विभिन्न व्यवसायीहरुलाई तुरुन्त मूल्यसूची राख्न र मूल्यसूची अद्यावधिक नगर्ने व्यवशायीहरुलाई तुरुन्त अद्यावधिक गर्न निर्देशन दिइएको ।

१.४.५ मूल्यसूची संकलन कार्य गरेको ।

**१.५ कारवाहीको विवरण :**

मापदण्ड विपरीत उद्योग संचालन र खाद्य अनुज्ञा पत्र नलिई पानी उत्पादन गर्ने अक्वा कोल्ड ब्राण्ड र पेन्गुइन ब्राण्ड पानी उत्पादन र विक्रि वितरणमा रोक लगाई उद्योग विरुद्ध कारवाही अगाडि वढाइएको ।

हाइड्रो स्टाटिक टेष्ट गर्नुपर्ने अवधि समाप्त भएका सिलिण्डरहरु प्रयोग गरेको सम्वन्धमा त्रिशुल ग्याँस प्रा. लि. विरुद्ध काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दर्ता भएको ।

वानेश्वरका ३ वटा फलफूल पसलले कम तौलको ढक प्रयोग गरेको सम्वन्धमा उक्त ढकहरु जफत गरी  कारवाही अगाडि वढाइएको ।

**१.६ गोष्ठी एवं तालिम**

(१) मिति २०६८।४।२० र ४।२६ गते गते २०६८ सालको दशैं, तिहार, इद र छट जस्ता प्रमुख चाडपर्वहरुमा दैनिक उपभोग्य वस्तुलाई सहज, सरल र सुलभ वनाउने सम्वन्धमा विभिन्न सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम वाणिज्य विभागको हलमा सम्पन्न भएको ।

१.७ उपभोक्ता हित सम्वन्धी सामाग्री प्रचार प्रसार

**पत्रपत्रिकाबाट ७ पटक प्रचारप्रसार भएको ।**

**१.८ जिल्ला अनुगमन (वाणिज्य विभागबाट)**

५ व्यावशाय

**१.९ नमूना संकलन**

५ वटा

**१.१० मूल्यसूची संकलन**

४ पटक मूल्यसूची संकलन गर्ने कार्य भएको ।

**१.११ उपभोक्ता शिक्षा**

**१.१२ वाणिज्य कार्यालयहरुबाट भएको जिल्ला अनुगमन**

५ वाणिज्य कार्यालयहरुवाट वजार अनुगमन र मूल्यसूची विवरण प्राप्त

भइरहेको ।

**१.१३ अन्य जिल्लाका निरीक्षण अधिकृतहरुबाट प्राप्त जानकारी**

विभिन्न जिल्लाका निरीक्षण अधिकृतहरुवाट वजार अनुगमन विवरण प्राप्त भइरहेको ।